**अनुसुचि-२**

**(दफा ४ को अनुसुचि -१ को भाग २ संग सम्बन्धित)**


# रम्भा गाउँपालिका,पालपा

## स्थानीय राजपत्र

खण्ड :०९ संख्या:१० मिति:२०८२/०६/२८


# भाग-२

# रम्भा गाउँपालिका

### उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकिकरण कार्यक्रम संचालन कार्यविधि,२०८२

रम्भा गाउँपालिकाको कृषि र पशुपंक्षी क्षेत्रको विकासको माध्यमबाट आर्थिक विकास गर्न सकिन्छ भन्ने विश्वासका साथ योजना तथा कार्यक्रम तर्जुमा हुँदै आएको छ। व्यावसायिक कृषि प्रणालिको विकास मार्फत गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन,अर्गानिक कृषि वस्तु उत्पादनलाई बढवा दिन, साना तथा मझौला खालका कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न, रोजगारीका अवसरहरु सिर्जना गर्न तथा कृषि श्रमको उत्पादकत्व वृद्धि गर्न यो कार्यविधि बनाइएको हो।

## परिच्छेद १:प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम **उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकिकरण कार्यक्रम संचालन कार्यविधि** रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यक्रम" भन्नाले **उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकिकरण** सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रम्भा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले रम्भा गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रम्भा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(छ) "कृषक " भन्नाले कृषि पेशामा संलग्न भई किसान सुचिकरणमा सुचिकृत भएका किसानलाई सम्झनु पर्छ।

(ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या,आवश्यकता र चाहनाहरु भएका न्युनतम १५ वा सो भन्दा बढि व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई रम्भा गाउँपालिकामा दर्ता भएको समूहलाई सम्झनु पर्छ।

(झ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ञ) "अनुगमन समिति " भन्नाले कार्यविधिमा उल्लखीत  दफा ७ वमोजिम गठित समिति भनेर सम्झनुपर्ने छ ।

**३. कार्यक्रमको उद्देश्य:**

(१) रम्भा गाउँपालिकालाई खाद्य सुरक्षा तथा कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालिको विकास गर्ने।

(२) कृषि तथा पशुपंक्षीमा आधारित साना तथा मझौला खालका उद्यम मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग गर्ने।

(३) कृषि क्षेत्रमा युवाहरुको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(४) कृषि क्षेत्रमा नवप्रवर्तन तथा नवीनतम प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(५) कृषि क्षेत्रमा आधुनिक प्रविधि र औजारको प्रयोग गर्न सहयोग गर्ने।

## परिच्छेद २:कार्यक्रम संचालन हुने क्षेत्र

**४. कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-शृंखलाका क्षेत्र:**

यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारको बाली/वस्तु तथा मूल्य-शृंखला क्षेत्रहरुमा संचालन गरिनेछः-

क. तरकारीको व्यवसायिक उत्पादन,प्रशोधन तथा बजारिकरण,

ख. अदुवा,बेसार र मसलाजन्य बालीको उत्पादन,प्रशोधन तथा बजारिकरण,

ग. जौ,फापर,कोदो,कागुनो,बर्मेली,छोटे,अनदि,झिनुवा लगायत रैथाने बालीको उत्पादन,प्रशोधन तथा बजारिकरण,

घ. च्याउ उत्पादन,प्रशोधन तथा बजारिकरण,

ङ. विभिन्न बालीको वीउ-बेर्ना उत्पादन,प्रशोधन तथा भण्डारण,

च. मौरीपालन व्यवसाय र मह प्रशोधन,

छ. प्राङ्गारिक,गड्यौला मल वा जैविक मल उत्पादन तथा बजारिकरण,

ज. जैविक विषादि,प्राङ्गारिक विषादि,वनस्पतिजन्य विषादि उत्पादन,प्रशोधन तथा बजारिकरण,

झ. आधुनिक खेती प्रविधि सम्बन्धी तालिम,फिल्ड अवलोकन र प्रदर्शन,

ञ. पशुजन्य तथा दुग्धजन्य वस्तुको उत्पादन,प्रशोधन तथा विविधिकरण,भण्डारण तथा निर्यात ।

यसरी संचालन गरिने कार्यक्रमहरुको संचालन प्रक्रिया सम्बन्धी थप शर्त मापदण्ड तर्जुमा गर्नुपरेमा कार्यपालिकाबाट तयार गरिनेछ ।

## परिच्छेद ३:कार्यक्रम संचालन विधि तथा प्रक्रिया

**५. कार्यक्रम संचालन गर्ने निकाय,कार्यक्षेत्र तथा बजेट व्यवस्थापनः**

(१) यस कार्यविधि बमोजिमको कार्यक्रम रम्भा गाउँपालिकाको कृषि विकास शाखा र पशु विकास शाखा मार्फत संचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित कार्यक्रम रम्भा गाउँपालिकाको कार्यक्षेत्र भित्र कार्यक्रम संचालन गर्न स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ। यसरी कार्यक्रम छनौट गर्दा दोहोरोपन नहुनेगरी गाउँकार्यापालिकाको निर्णय वमोजिम १ क्षेत्र १ कार्यक्रम संचालन गरिनेछ ।

**६. सूचना प्रकाशन तथा प्रस्ताव आव्हानः**

(१) कार्यक्रम संचालनका लागि पालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा कम्तिमा १५ दिनको समयसीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

**७. आवेदन तथा प्रस्ताव पेश गर्नेः**

(१) यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसुची-२ बमोजिमको ढाँचामा आवश्यक सम्पूर्ण कागजात सहितको आवेदन तथा अनुसूचि-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरि तोकिएको समयभित्र पालिकामा पेश गर्नु पर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित शाखाले सहजीकरण गर्न सक्नेछ।

(२) प्रस्तावकले संचालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दररेट अनुसार तयार गर्नुपर्नेछ। जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा सरकारी निकायबाट स्वीकृत भएको दररेट र प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ।

**८. प्रस्ताव मूल्यांकन तथा स्वीकृत गर्नेः**

(१) तोकिएको समय सीमाभित्र प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न आर्थिक विकास समिति रहनेछ।

(२) समितिले अनुसूची-४ बमोजिमका मूल्यांकनका मापदण्ड बमोजिम पेश भएका प्रस्तावहरुको मूल्यांकन गर्नुपर्नेछ। साथै समितिले आवश्यकता अनुसार थप मापदण्ड तयार गरी मूल्यांकन गर्न सकिनेछ।

(३) रम्भा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदानमा दोहोरोपना नहुने गरी समितिले प्रस्तावहरुको मूल्यांकन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यपालिकाको बैठकम पेश गर्नु पर्नेछ।

**९. सम्झौता र कार्यादेशः**

(१) स्वीकृत भएका प्रस्तावहरु कार्यान्वयनका लागि कृषि/पशु विकास शाखाले अनुसूची-५ बमोजिमको ढाँचामा लाभग्राहीसँग सम्झौता गर्नेछ।

(२) सम्झौतामा उल्लेख भएका शर्तहरु बमोजिम लाभग्राहीले यस कार्यविधि,प्रचलित कानून तथा नर्मसको अधिनमा रही क्रियाकलाप संचालन गर्नु पर्नेछ।

**१०. अनुदानको सीमा तथा भुक्तानी प्रक्रियाः**

(१) कृषि मेसिनरीमा गाउँपालिकाको ५० प्रतिशत अनुदान, अन्य (कृषि सामाग्रिहरुः विउ,मैन,प्रांगारिक मल,मौरी घार,सुक्ष्म खाद्यतत्व,प्लाष्टिक,संरचना निर्माण आदि तथा ज्याला) मा गाउँपालिका तर्फबाट ८० प्रतिशत अनुदान र प्राविधिक सेवा(तालिम,बालि संरक्षण) तथा ढुवानीतर्फ १०० प्रतिशत अनुदान प्राप्त हुनेछ।

(२) कार्यक्रम संचालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले सम्बन्धित (कृषि/पशु) शाखाको कार्यसम्पन्न प्रतिवेदन सहित कार्यक्रमको लागि आवश्यक बिल,भरपाई ,कार्यक्रम झल्किने फोटोहरु र वडाको सिफारिस पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि र लागत ईष्टिमेट अनुसार नियमानुसार करकट्टी गरी बाँकी हुन आउने रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद ४:अनुगमन तथा मूल्यांकन

**११. अनुगमन तथा मूल्यांकनः**

(१) कृषि तथा पशु विकास शाखाले यस कार्यविधि बमोजिम संचालन हुने क्रियाकलापहरुको एकल रुपमा वा कार्यक्रमका सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ।

(२) कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. | योजना शाखा प्रमुख | सदस्य |
| च. | शाखा प्रमुखले तोकेको कृषि/पशु सेवा शाखाको कर्मचारी-१/१ जना | सदस्य |
| छ. | कृषि/पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५:विविध

**१२. प्रचलित कानून बमोजिम हुनेः**

(१) यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्यविधि बमोजिम संचालन हुनेछन्।यस कार्यविधिमा उल्लेख नभएको विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा प्रचलित कानून बमोजिम हुनेछ।

**१३. खारेजी**

(१) उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकरण कार्यक्रम संचालन कार्यविधि,२०८१ खारेजी हुनेछ ।

**१४. कार्यविधिको व्याख्या,संशोधन तथा बाधा अडकाउ फुकाउनेः**

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कार्यविधि संशोधन गर्नु परेमा संशोधन तथा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट/व्याख्या गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ।

**अनुसूची-१**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

## प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०/०

रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को संघिय विशेष अनुदान अन्तर्गत उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायिकरण कार्यक्रम अन्तर्गत तपशिल अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक कृषि सहकारी/कृषक समुह/फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपशिल अनुसारका कागजात सहित कार्यालयले निर्धारण गरेको तपशिल बमोजिमका कागजात संलग्न राखि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै(कृषि सहकारी/कृषक समुह/फर्म) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रम | कार्यक्रम संचालन गरिने क्षेत्र | बजेट रु. |
|---|---|---|---|
| | | | |

नोटःकृषि मेसिनरिमा गाउँपालिकाको तर्फबाट ५०% अनुदान र अन्य कृषि समाग्रीहरुमा ८०% अनुदान उपलब्ध हुनेछ।

आवश्यक कागजातहरुः

१. अनुसूची-२ बमोजिको ढाँचामा आवेदन,
२. अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव,
३. नागरिकताको प्रतिलिपि,
४. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
६. आ.व.२०८१/०८२ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
७. जग्गाधनीको लालपूर्जाको प्रमाणपत्रको प्रतिलिपि,
८. कृषक समूह/सहकारीको निर्णयको प्रतिलिपि,
९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## अनुसूची-२
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायिकरण कार्यक्रममा सहभागी हुनका लागि पेश गर्नुपर्ने आवेनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत
रम्भा गाउँपालिका,पिपलडाँडा,पाल्पा।

विषयःआवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ..................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम ..........................कार्यक्रम संचालनका लागि म/हामी ...........................ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं।

निवेदकको
नामथरः
ठेगानाः
सम्पर्क नं.

**अनुसूची-३**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**
**लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा**

१. प्रस्तावकको नामः
२. कार्यक्रमको नामः
३. कार्यक्रम संचालन गर्ने ठेगानाः.......................गा.पा.............वडा नं............................टोल
४. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र)

५. प्रस्तावित कार्यक्रम संचालनको मुख्य उद्देश्यः

६. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी अनुभवः..............वर्ष
७. प्रस्तावित कार्यक्रम संचालन हुने क्षेत्रफल/संख्याः
८. प्रस्तावित कार्यक्रमको कुल लागत रु.
९. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरणः

१०. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्याः.........................
वार्षिक उत्पादन परिमाणः............................ वार्षिक आम्दानीः.........................
हाल संचालित क्रियाकालपहरुको फोटोहरुः
११. प्रस्तावकको खाता रहेको बैँक खाता सम्बन्धी विवरणः
१२. प्रस्तावकको स्थायी लेखा नं.सम्बन्धी विवरणः
१३. कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागतः

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिमाण | दर | कुल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

१४.कार्यक्रम स्थलमा सिँचाईको व्यवस्था छ/छैन। छ भने सिँचाईको किसिम.............

१५.कार्यक्रम संचालन हुने स्थल सडकसँग जोडिएको छ/छैन। छ भने सडकको किसिम..............

१६.कार्यक्रम संचालन स्थलमा विद्युतको व्यवस्था छ/छैन।...........

१७.कार्यक्रमबाट हुने सकरात्मक प्रभावः

१८.कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्याः प्रत्यक्ष...........अप्रत्यक्ष.............

१९.कार्यक्रम सम्बन्धी संक्षिप्त विवरणः

क. आवश्यकता र औचित्यः

ख. कार्यक्रम संचालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरणः

ग. कार्यक्रमबाट उत्पादन हुने वस्तुको बजार सूची र अनुमानित परिमाणः

घ. कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारिकरण प्रक्रियाः

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ। यदि झुठो ठहरिएमा निवेदन स्वतःखारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साझी | निवेदक |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| फोन नः | फोन नः |
| मितिः | मितिः |

छापः

**अनुसूची-४**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**प्रस्ताव मूल्यांकन समितिबाट गरिने मूल्यांकनको ढाँचा**

**लाभग्राही छनौट मूल्यांकन मापदण्ड**

| क्र.सं. | सूचांक आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| **अ.** | **प्रमुख मापदण्ड(६५)** | |
| १. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| २. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला,दलित,आदिवसी आदि) | ५ |
| ३. | प्रस्तावित कार्यले उत्पादन वृद्धि,प्रशोधन र बजारीकरण पुग्ने सहयोग | २५ |
| ४. | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | १० |
| ५. | प्रस्तावित बाली/वस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | १५ |
| **आ.** | **सहायक मापदण्ड (३५)** | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोग प्राप्त नगरेको | ५ |
| ३. | लक्षित सहभागीले नगद वा वस्तुगत योगदान गर्ने (परिमाण र प्रतिवद्धता) | १० |
| ४. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ५. | प्रस्तावित कार्य बजारको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | १० |

नोटःकार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ । साथै उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मुल्याङ्कन गर्दा समितिले आवश्यकता अनुसार चेकलिष्ट बनाई मुल्यांकन गर्न सक्नेछ।

निवेदन नं.

| क्र.सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क(१००) | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड(६५) | सहायक मापदण्ड(३५) | | |
| | | | | | |

नोटःकोष्ठको अंकले अधिकतम जनाउँछ।

प्रस्ताव मुल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |

आमन्त्रित सदस्यः मितिः

**अनुसूची-५**

**दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

**सम्झौता पत्रको ढाँचा (नमूना)**

यस रम्भा गाउँ कार्यपालिकाको कार्यालय पिपलडाँडा प्रथम पक्ष भनिने र .......जिल्ला..............गा.पा...........वडा नं. को श्री..........................यस पछि दोश्रो पक्ष भनिनेका बिच रम्भा गाउँपालिका बाट मिति.........गते स्वीकृत भएको प्रस्ताव/कार्यक्रम नं....मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम संचालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौँ।

१. यो सम्झौता,सम्झौता भएको मिति..........देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति......साल......महिना.......गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
२. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत,अनुदान स्वरुप रु..........(अक्षरुपी........) र दोस्रो पक्षको लागत रु..........(अक्षरुपी..........) रहनेछ । पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप अनुसार कार्यसम्पन्न प्रगति,अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा गराउनेछ ।
३. दोस्रो पक्षले सम्झौता बमोजिमको क्रियाकलापको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी,गैह्र सरकारी संघ संस्थाबाट सहयोग,अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ । दोहोरो परेको देखिएमा सम्झौता रद्ध गर्न सकिनेछ।
४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र अनुगमन निरिक्षणका क्रममा सहयोग गर्नु पर्नेछ ।
५. दोस्रो पक्षले गरेको क्रियाकलापहरुको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।
६. प्रथम पक्षले दोस्रो पक्षलाई वा सप्लायर्सहरुलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष बिल,भरपाई पेश पश्चात सम्बन्धित पक्षको बैंक खातामा भुक्तानी दिइनेछ।
७. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।
८. दोस्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।
९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।
१०. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।
११. स्वीकृत प्रस्ताव अनुसार कार्यक्रमबाट उपलब्ध गराइएको अनुदान सहयोग दोस्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | संस्था/समुहः |
| मितिः | मितिः |

छापः छापः

**रोहवर**

दस्तखतः

नामः

पदः

ठेगानाः

मितिः

# रम्भा गाउँपालिका,पाल्पा

# स्थानीय राजपत्र

खण्ड :०९ संख्या:०३ मिति:२०८२/०५/१६

## भाग-१
## रम्भा गाउँपालिका

कार्यपालिकाबाट जारि नियमावली,निर्देशिका,कार्यविधि,मापदण्ड तथा नेपाल,प्रदेश सरकार वा अर्को स्थानीय तहसंग सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत